नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ति

पत्र संख्या:-
च.नं.:

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि दैनिक रुपमा सम्पादित कार्यहरूको सन्दर्भमा गृह मन्त्रालयका अनुसार ज्येष्ठ २७ गते देशभरका विभिन्न सीमानाकाहरूबाट २,८७८ जना नेपाली नेपाल प्रवेश गरेका छन्। क्वारेन्टिनहरूको गुणस्तर सुनिश्चितता र नियम पालनाका लागि ज्येष्ठ २७ गते १३६ स्थानमा ६५७ बेडको अनुगमन गरिएको छ। अनुगमनको क्रममा १,२०० बढी अक्सिजन सिलिण्डर मौज्दात रहेको पाइएको छ। अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन ज्येष्ठ २७ गते २०० स्थानमा अनुगमन भएको छ। ज्येष्ठ २७ गतेका दिन देशभर रहेका संक्रमितहरू मध्ये ७,६५५ जना सामान्य बेडमा, १,२०० जना आई.सि.यू. बेडमा र ५३० जना भेन्टिलेटरमा उपचाररत रहेको अवस्था छ। नेपाल प्रहरीका अनुसार स्थानीय प्रशासनले हालसम्म १०,६७७ अक्सिजन सिलिण्डर विभिन्न स्रोतबाट संकलन गरी १०,१३९ अक्सिजन सिलण्डर विभिन्न अस्पताललाई वितरण गरेको छ। निषेधाज्ञा कार्यान्वयनको सन्दर्भमा हाल सम्म १,४४,७८० सवारीसाधन र २२,५३७ व्यक्तिलाई नियमानुसार कारवाही गरिएको विवरण प्राप्त भएको छ। विगत २४ घण्टामा निषेधाज्ञा उलंघन गर्ने ३,६९५ सवारी साधनलाई कारवाही गरिएको र मास्क प्रयोग नगरी हिडडुल गर्ने ५,३१३ जनालाई कारवाही गरेको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार उपत्यकामा ५,०३५ र उपत्यका बाहिर ७,४७२ गरी जम्मा १२,५०७ सिलिण्डर अक्सिजन उत्पादन भइरहेको छ। संयुक्त बजार अनुगमन टोलीबाट ३ वटा (खाद्यान्न पसल) को अनुगमन भएको र अनुगमनका क्रममा १ वटा खाद्यान्न पसललाई रु. ५,००० जरिबाना गरिएको छ।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारको लागि १७,५७,४७८ थान मेडिकल उपकरणहरू र १२,३०५ के.जी. स्यानिटाइजर लगायतका औषधीहरू पैठारी भएको छ।

परराष्ट्र मन्त्रालयका अनुसार चीनको युनान प्रान्तले नेपाललाई प्रदान गर्ने ४८,००० थान एन९५ मास्क, १,१०,००० थान सर्जिकल मास्क र ३,८२० थान प्रोटेक्टिभ गारमेन्ट हिमालय एअरलाइन्सको चार्टड उडानबाट १२ जुन २०२१ मा आइपुग्ने भएबमोजिम ती सामग्रीहरू बुझिलिन सम्बन्धित निकायमा समन्वय गरिएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार गत २४ घण्टामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका साथै पोखरा, नेपालगञ्ज र लुक्ला विमानस्थलबाट विभिन्न वायुसेवाले २७ आन्तरिक उडान भरी ५७ यात्रुको उद्धार गरिएको र कुल उडानमध्ये मेडिकल उद्धारको उडान संख्या १५ रहेको जनाइएको छ।

२०७८/०२/२८

किरणराज शर्मा
प्रवक्ता

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np